म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

वर्षः१४ अङ्कः- १८७ २०८० जेठ १८ गते बिहीबार 1 June 2023, Thursday - पृष्ठ ८ मूल्य रु. ५/-




# प्रदेश सरकारको नीति तथा कार्यक्रमबारे छलफल सुरु

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशसभाको दोस्रो अधिवेशनअन्तर्गत्को नवौं बैठक बुधबार बसेको छ । बुधबारको बैठकमा बागमती प्रदेश सरकारको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रमहरुबारे छलफल सुरु भएको छ ।

बागमती प्रदेशसभाका सभामुख भुवनकुमार पाठकले प्रदेश सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमबारे छलफल प्रारम्भ भएको घोषणा गर्नुभएको थियो । छलफलमा भाग लिनुहुँदै प्रदेश सांसद दिनेशचन्द्र देवकोटाले सदनमा भएको छलफल एकातिर र नीति तथा कार्यक्रम अर्कातिर भएको बताउनुभयो ।

प्रतिपक्षलगायत सबै प्रदेशसभा सदस्यहरुले दिएको सुझावहरुलाई सोचअनुरुप समेट्नुपर्नेमा त्यो नदेखिएको उहाँले बताउनुभयो। उत्पादनसँग जोडिएर अर्थतन्त्रको विकास कसरी गर्न सकिन्छ भन्नेबारे नीति तथा कार्यक्रम स्पष्ट नआएको उहाँको भनाई छ । बागमती प्रदेशले भूगोलले अपठ्यारोमा परेका, सिमान्तकृत, दलित र महिलाहरु, पछाडि पारिएका क्षेत्रलक्षित कार्यक्रम ल्याउनुपर्नेमा नआएको उहाँले बताउनुभयो । उहाँले आउने बजेटमा अर्थमन्त्रीले ६६ वटै निर्वाचन क्षेत्रलक्षित विनियोजित बजेटलाई सन्तुलन मिलाई ल्याएमा सार्थकता पाउने बताउनुभयो । बागमती प्रदेश सरकारले पर्यटन, कृषि र भौतिक संरचना निर्माणलक्षित गौरवका योजना बनाएर काम गर्नुपर्ने आवश्यकता रहेको उहाँले बताउनुभयो ।

सांसद गोविन्द लम्सालले आफूले प्रदेश सरकारले ल्याएको नीति तथा कार्यक्रममा शैक्षिक क्षेत्रका कार्यक्रमले प्राथमिकता पाउने आशा गरिएकोमा त्यो नभएको बताउनुभयो। प्रत्येक शिक्षकहरु र जनप्रतिनिधिहरुले आफ्ना बालबालिकाहरुलाई सामुदायिक स्कूलमा पढाउने व्यवस्था ल्याउन ध्यान नपुऱ्याएको उहाँले बताउनुभयो । सबै कार्यालयहरुमा अहिले काम कसरी भरहेको छ भन्ने विषय अहिलेको नीति तथा कार्यक्रममा नआएको उहाँले बताउनभुयो । प्रत्येक कार्यालयमा एकद्वार प्रणाली हुनुपर्ने उहाँको भनाई छ । उहाँले अहिले राज्यको स्रोत र साधनहरुको दुरुपयोग भइरहेकोमा त्यसलाई गम्भीर रुपमा ध्यान दिनुपर्ने बताउनुभयो । उहाँले अहिलेको नीति तथा कार्यक्रम जनपक्षमा गएको छ छैन भनेर सबैले ध्यान पुऱ्याउनुपर्ने बताउनुभयो ।

सांसद श्यामबहादुर खड्काले अहिले प्रदेशले देखिने कुनै ठोस काम नगर्दा प्रदेश सरकारको चौचित्यबारे जनमानसमा प्रश्न उठेको बताउनुभयो । उहाँले प्रदेश सरकारले आफ्नो अधिकार कार्यान्वयन गर्न नपाएको उहाँले बताउनुभयो। प्रदेशको औचित्य हुने गरी विकासको योजनाहरु ल्याएर काम गर्नुपर्ने अहिलेको आवश्यकता रहेको उहाँको भनाई छ । उहाँले अहिले नीति तथा कार्यक्रम पहुँचको आधारमा देखिएको बताउनुभयो ।

यस्तै, सांसद मातृकाप्रसाद भट्टराईले प्रदेश सरकारको नीति तथा कार्यक्रममा जनतालाई रोजगार दिने गरी उत्पादन गर्न उद्योगधन्दा सञ्चालन गर्नुपर्ने कुरा नसमेटिएकोमा आफ्नो ध्यानाकर्षण भएको बताउनुभयो । प्रदेशले पानी प्याकिङ, सिमेन्ट उद्योग सञ्चालन र बन्द रहेका उद्योगहरुलाई सञ्चालन गर्ने नीति ल्याउनुपर्ने उहाँको भनाई छ। केही दिनअघि सिन्धुलीमा सर्पको टोकाइपछि उपचार नपाएर दुई जनाले ज्यान गुमाउनुपरेको बताउनुहुँदै सबै क्षेत्रमा व्यवस्थित अस्पताल निर्माण गर्नुपर्ने बताउनुभयो ।

सांसद जयराम थापाले शिक्षालाई सीपमूलक र आयमूलक बनाउने नीति तथा कार्यक्रम ल्याउनुपर्ने बताउनुभयो । अहिले प्रदेश सरकारको औचित्यप्रति प्रश्न उठेको र त्यसको जवाफ जनतालाई दिनुपर्ने उहाँले बताउनुभयो । समाजको मनोविज्ञानलाई बुझ्नुपर्ने बताउनुहुँदै उहाँले अहिले जनताको विचारमा आएको परिवर्तनलाई नीति तथा कार्यक्रममा कुनै सम्बोधन नभएको दावी गर्नुभयो । अहिलेको नीतिमा युवालक्षित स्वरोजगार बन्नका लागि कस्तो कार्यक्रम

...बाँकी पृष्ठ ३ मा

# हेटौंडामा दलित महिला संघको प्रदेश सम्मेलन

समाज संवाददाता

हेटौंडाः दलित महिला संघ (फेडो) को बागमती प्रदेशस्तरीय सम्मेलन हेटौंडामा बुधबार सुरु भएको छ। बिहिबार सम्म चल्ने सम्मेलनमा प्रदेशका दलित महिलालाई लक्षित गरेर न्याय, समानता र सम्मानको पक्षमा पैरवी गर्न अझ सशक्त बन्ने दावी गरिएको छ । कार्यक्रम बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलको प्रमुख आतिथ्यमा भएको हो ।

मुख्यमन्त्री जम्कट्टेलले महिला भित्रै दलित महिलालाई पनि सरकारले समेटेको र आफ्ना समस्याका बारेमा स्पष्ट रुपमा बोल्न आग्रह गर्नुभयो। लैङ्गिक तथा जातीय विभेदको अत्य गर्नु जरुरी रहेको उल्लेख गर्नुहुँदै फेडोका संस्थापक अध्यक्ष दुर्गा सोबले असमानता र विभेदको अन्त्य गर्न तीनै तहका सरकारसँग गर्नुभएको छ । संस्थापक अध्यक्ष सोबले प्रदेश सम्मेलन बिहिबार घोषणापत्र जारी गरेर सम्मेलनको समापन हुने जानकारी दिनुभएको छ ।

"हामी प्रदेश सम्मेलनमार्फत प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटमा दलित लक्षित हुन दवाव दिने तयारीमा छौं", फेडोका संस्थापक अध्यक्ष दुर्गा सोबेले भन्नुभयो, "हामी दलित समुदायबाट जनप्रतिनिधि बनेका महिला, अधिकारकर्मीको विषयमा पनि छलफल गर्दै घोषणापत्रमा महत्वपूर्ण विषय समेट्ने छौं।" सम्मेलनले फेडोको प्रदेश सञ्जाल समेत गठन गर्ने पनि उहाँको भनाइ छ । फेडोले प्रदेश सम्मेलन गर्नुअघि फेडो मकवानपुरलाई पुनर्गठन गरिएको थियो । पवित्रा विश्वकर्मामो अध्यक्षतामा ११ सदस्यीय फेडो मकवानपुर गठन गरिएको छ ।

कार्यक्रममा बागमती प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री गंगानारायण श्रेष्ठ, श्रम, रोजगार तथा यातायात मन्त्री लक्ष्मण लम्साल, जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलान, राजनीतिक दलका जिल्लास्तरीय नेताहरुको सहभागिता रहेको थियो ।

रेडियो निकास ९३.४ हेटौंडा, मकवानपुर
The Voice of Community
सामुदायिक रेडियो, रेडियो निकास
९३.४ मेगाहर्ज सुनौं र सुनाऔं

खुला राष्ट्रिय भलिबल प्रतियोगिता

# तीन विभागीय टिमसहित गण्डकी सेमीफाइनलमा



समाज संवाददाता

हेटौंडाः हेटौंडामा जारी खुला राष्ट्रिय भलिबल प्रतियोगितामा तीन विभागीय टिमसहित गण्डकी प्रदेशको भलिबल टिम सेमीफाइनलमा प्रवेश गरेको छ। विभागीय टिम त्रिभुवन आर्मी क्लब, सशस्त्र प्रहरी बल र नेपाल पुलिससँगै गण्डकी प्रदेशको भलिबल टिम सेमीफाइनलमा प्रवेश गरेको हो। घरेलु टोली मकवानपुर जिल्ला भलिबल टिम, झापाको पाथीभरा टाइगर भलिबल क्लब र स्याङ्जाको वालिङ भलिबल क्लब भने समूह चरणबाटै बाहिरिएको छ।

समूह चरणबाट सेमीफाइनल चरणमा प्रवेश गरेका टिमले एक आपसमा खेल्न बाँकी रहेकोले सेमीफाइनल समीकरण भने पूरा हुन बाँकी छ। बिहिबार हुने समूह चरणको अन्तिम खेलले मात्रै सेमीफाइनल समीकरण पूरा हुनेछ। बुधबार दोहोरो जित निकाल्दै त्रिभुवन आर्मी क्लब सेमीफाइनल प्रवेश गरेको हो । एउटै समूहमा रहेको आर्मी र गण्डकी समूह चरणको दुबै खेल जितेर सेमीफाइनल प्रवेश गरेको हो । दुवै खेलमा पराजित घरेलु टोली मकवानपुर जिल्ला भलिबल टिम र वालिङ भलिबल क्लब समूह चरणबाटै पराजित भएको छ ।

हेटौंडा-४, हुप्रचौरस्थित भलिबल कोर्टमा बुधबार बिहान भएको पहिलो खेलमा त्रिभुवन आर्मीले मकवानपुर जिल्ला भलिबल संघलाई ३-० को सोझो सेटले पराजित गरेको हो । आर्मीले घरेलु टोली मकवानपुरलाई २५-१४, २५-२२ र २५-२२ को सोझो सेटमा पराजित भएको हो । म्यान अफ द म्याच आर्मीका शरण सामरी घोषित भए ।

बुधबार बिहान भएको दोस्रो खेलमा गण्डकी प्रदेशले पहिलो र दोस्रो सेट २५-१७, २५-१० ले आफ्नो पक्षमा पारेको थियो । गण्डकीले तेस्रो सेट भने २३-२५ ले गुमाएको थियो । चौथो सेट २५-१८ ले आफ्नो पक्षमा पार्दै गण्डकी प्रदेशको भलिबल टिम सेमीफाइनल प्रवेश गर्ने पहिलो टिम बनेको थियो ।

प्रतियोगिता अन्तर्गत बुधबार दिउँसो भएको पहिलो खेलमा झापाको पाथिभरा टाइगर भलिबल क्लब नेपाल पुलिस क्लबसँग पराजित भएको छ । नेपाल पुलिसले पाथीभरालाई २८-२६, २५-१५ र २५-१८ को सोझो सेटमा पराजित गरेको हो। म्यान अफ द म्याच पुलिसका कुल बहादुर थापा घोषित भए । बुधबार भएको अन्तिम खेलमा त्रिभुवन आर्मी क्लबले वालिङ भलिबल क्लबलाई २५-१२, २५-२१ र २५-२२ को सोझो सेटमा पराजित गरेको हो। म्यान अफ द म्याच वालिङका रोशन मगर घोषित भए ।

बिहिबार पहिलो खेलमा मकवानपुर र वालिङबीच खेल हुनेछ भने दोस्रो खेलमा सशस्त्र प्रहरी र नेपाल पुलिस बीच भिडन्त हुनेछ । मकवानपुर र वालिङ बीचको खेल प्रतिष्ठाका लागि मात्रै सीमित हुनेछ। सशस्त्र प्रहरी र नेपाल पुलिसबीचको खेल भने समूह चरणको विजेता र उपविजेताको छिनोफानो लगाउन महत्वपूर्ण हुनेछ । बिहिबारको अन्तिम खेलमा त्रिभुवन आर्मी र गण्डकी प्रदेशको भलिबल टिमबीचको खेल पनि समूहको विजेता र उपविजेता छिनोफानो गर्न महत्वपूर्ण हुनेछ । बिहिबार हुने अन्तिम दुई खेलले सेमीफाइनल समीकरण पनि पूरा हुनेछ ।

स्व. केशवलाल श्रेष्ठ स्मृति केन्द्रीय प्रतिष्ठान र मकवानपुर भलिबल संघको संयुक्त आयोजनामा भएको प्रतियोगिताको फाइनल खेल शनिबार हुनेछ । हेटौंडा उपमहानगरपालिका मुख्य प्रायोजक रहेको प्रतियोगिताको विजेताले नगद २ लाख रुपैयाँ र उपविजेताले नगद १ लाख रुपैयाँ प्राप्त गर्नेछ ।



## सम्पादकीय

# मानवीयता प्रवर्द्धनमा हातेमालो

करिब एक दशकअघि स्थापना भएको मानवसेवा आश्रम मानवता प्रवर्द्धनको क्षेत्रमा अब्बल सावित भइरहेको छ । आश्रमले देशव्यापी अभियान सञ्चालन गरी सहयोगापेक्षी मानवलाई आवश्यक सहयोग गर्दै आएको छ । मानवसेवा आश्रमले देशका विभिन्न स्थानमा आश्रम सञ्चालन गरेर सहयोगापेक्षी मानिसहरुलाई संरक्षण दिँदै पारिवारिक पुनर्मिलनसमेत गराउँदै आएको छ । मानवसेवा आश्रमले स्वेच्छिक दाताहरुको सहयोगमा आफ्नो अभियान कुशलतापूर्वक सञ्चालन गरिरहेको छ । मानवसेवा आश्रमले चलाइरहेको अभियान निकै सार्थकसमेत बनिरहेको छ । आश्रमलाई व्यक्तिगत एवम् संस्थागतरुपमा आवश्यक सहयोग जुटिरहेको छ । सरकारी निकायहरुले पनि आश्रमको अभियानमा सहयोग गर्दै आएको छ । आश्रमले मानवीय कल्याणको काम गरिरहेका कारण पनि यस अभियानमा सबैले हातेमालो गरिरहेका छन् । स्थापनाको छोटो समयमै सहयोग जुटाएरै भए पनि मानवतालाई जोगाउँदै आएका कारण उसको अभियानमा सक्दो सहयोग गर्ने सहयोगी हातहरु जुटिरहेका छन् ।

हेटौंडाबाट सुरु भएको मानवसेवा आश्रमको अभियान अहिले देशका विभिन्न शहरमा विस्तार भइसकेको छ । मानवसेवा आश्रमको मुख्यालय हेटौंडा-९ मा रहेको छ । २०६९ साल भदौ १३ गते आश्रमको औपचारिक शुभारम्भ भएको थियो । हाल ७ प्रदेशको विभिन्न १९ वटा जिल्लामा मानवसेवा आश्रमका २३ सेवा केन्हरु सञ्चालनमा छन् । एक दशकमा ७७ वटै जिल्लाबाट ८ हजार बढीको उद्दार भइसकेको छ । एक हजार ५ सय २९ जना आश्रमको संरक्षणमा छन् । कसैले पनि एक गाँस भोजन र एक सरो कपडाको अभावमा कष्टपूर्ण जीवन बिताउन नपर्ने अवस्था निर्माण गर्ने दृढ संकल्पसहित आश्रमको शुभारम्भ गरिएको हो । सरकारको आलोचना गर्नुभन्दा सरकारको सहयोगी भई सडकआश्रित मानवहरुको मानवोचित व्यवस्थापन गराउने उद्देश्य बोकेको मानवसेवा आश्रम आफ्नो उद्देश्यमा सफल देखिएको छ ।

आश्रमले मंगलबार आर्थिक वर्ष २०७८/०७९ को आयव्यय विवरण र प्रगति प्रतिवेदन सार्वजनिक गरेको छ । मानवसेवा आश्रमले दानबाट ७ करोड ३० लाख ६३ हजार रुपैयाँ र अन्य दान, चन्दा तथा सहयोगबाट ५४ लाख ९१ हजार रुपैयाँ गरी ७ करोड ८५ लाख ५५ हजार रुपैयाँ आम्दानी गरेको छ । गत आर्थिक वर्षमा मानवसेवा आश्रमको खर्च ३ करोड ४१ लाख ५२ हजार रुपैयाँ भएको बताइएको छ । मानवता प्रवर्द्धनका लागि नेपथ्यको सांस्कृतिक कार्यक्रम गरेर आश्रमले २ करोड ३ लाख ६४ हजार रुपैयाँ बचत गरेको छ । आश्रममा गुणस्तरीय सेवा प्रवाहका लागि एक आश्रितका लागि मासिक १५ हजार रुपैयाँ खर्च आवश्यक हुने आश्रमको भनाई छ । आश्रमले विभिन्न जिल्ला तथा प्रदेशलाई सहयोगापेक्षी सडक मानवमुक्त घोषणा गर्दै पूरै देशलाई नै सहयोगापेक्षी सडक मानवमुक्त बनाउने अभियान सञ्चालन गरिरहेको छ ।

मानवसेवा आश्रमले सञ्चालन गरेको अभियान सामान्य छैन । तीन तहको सरकारले समेत गर्न नसकेको कामलाई मानवसेवा आश्रमले अगुवाई गरिरहेको छ । आश्रमको यो अभियानमा सहयोग जुटिरहेको भए पनि गुणस्तरीय सेवाप्रवाहका लागि आवश्यक पर्ने सहयोग नजुटेको आश्रमको भनाई छ । आश्रमले स्रोतको खोजीमा ध्यान केन्द्रित गर्नु परेका कारण सेवाप्रवाहमा चाहेजस्तो गुणस्तर दिन नसकेको बताएको छ । सडकमा कष्टकर जीवनयापन गरिरहेका असहाय मानवलाई सहयोग गर्दै आएको मानवसेवा आश्रमको अभियानमा सबैले हातेमालो गर्नु आवश्यक छ । सक्नेले स्वेच्छिकरुपमा आश्रमलाई सहयोग गरेमा मानवता प्रवर्द्धन अभियानमा सहयोग पुग्ने निश्चित छ । आश्रमलाई सहयोग गर्दा कष्टपूर्ण जीवनयापन गरिरहेका असहाय, अशक्त, अनाथ, अपाङ्ग एवम् मनोरोगीलाई सेवा पुग्ने सबैले बुझ्नुपर्छ । मानवसेवाजस्तो उच्चस्तरको सेवामा योगदान दिने अवसरलाई सबैले उपयोग गरौं । सकेको सहयोग गरौं । मानवता प्रवर्द्धनमा हातेमालो गरौं ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : नोकरीमा मन अशान्त हुने समय योग छ ।
**वृष** : वैदेशिक प्रयोजनका कामहरु अधुरा रहलान् ।
**मिथुन** : व्यापार–व्यवसाय मध्यमकारक रहेको छ ।
**कर्कट** : व्यक्तित्व विकासले लाभ प्राप्त हुने समय छ ।
**सिंह** : धार्मिक तथा सामाजिक काममा सरिक भइने छ ।
**कन्या** : प्रशासनिक र कार्यक्षेत्रमा सरिक भइने समय छ ।
**तुला** : पद–प्रतिष्ठा र सम्मान प्राप्त हुने समय योग छ ।
**वृश्चिक** : व्यापार–व्यवसाय मध्यमकारक रहने समय छ ।
**धनु** : सु–स्वास्थ्य र आहारविहारमा ध्यान दिँदा राम्रो ।
**मकर** : रमझममा मन रमाउने समय योग देखिन्छ ।
**कुम्भ** : धार्मिक तथा सामाजिक काममा सरिक भइने छ ।
**मीन** : बौद्धिक र प्राज्ञिक क्षेत्रमा मन जाने योग छ ।

# होमवर्क र परीक्षाको कर्मकाण्डले बालबालिकालाई पढाइबाट भगायौं



अमर अधिकारी

बालबालिकाको मूल स्वभाव के हो ? नयाँ कुरा देख्नासाथ उत्सुक हुने । जब हामी उनीहरुलाई विद्यालयको पुस्तक दिन्छौं, तब उनीहरुले त्यहाँ के छ भनेर अधैर्यसाथ हेर्नुपर्ने हो । तर विद्यालयको पुस्तक हेर्न उनीहरु किन त्यति रुचि गर्दैनन् ?

शिक्षकले कुनै कुरा भनिरहँदा उनीहरुले चाख मानेर सुन्नुपर्ने हो । तर कक्षाकोठामा शिक्षकले पढाइरहँदा किन पट्यार मान्छन् ? नयाँ ठाउँ, नयाँ मान्छे, नयाँ दौतरी देख्दा उनीहरु उत्साहित हुनुपर्ने हो । तर किन विद्यालय प्राङ्गणमा टेक्नासाथ बच्चाहरु खिन्न हुन्छन् ?

समस्या बालबालिकामा छैन, हाम्रो पठन विधिमा छ । बच्चाहरु त्यसै पनि नयाँ कुरा जान्न, हेर्न, बुझ्न उत्साहित हुनुपर्ने हो । यद्यपि पुस्तक, पढाइ र विद्यालयप्रति उनीहरुमा त्यस्तो आकर्षण छैन । बरु पढाइबाट उनीहरु भाग्दैछन् । यो मेरो भनाइ होइन, हाम्रो विद्यालयको भर्नाको पिरामिडले देखाउने तथ्य हो ।

कहाँ गायब हुँदैछन् विद्यार्थी ?

हामीकहाँ २७-२८ हजार विद्यालय छन् । बर्सेनि कक्षा एकमा भर्ना हुँदा विद्यार्थीको संख्या १२- १३ लाख हुन्छ । एसईईसम्म आइपुग्दा त्यो संख्या घटेर ५-६ लाख हुन्छ । इन्टरमिडिएट लेभलमा आइपुग्दा २-३ लाखमा झर्छ । त्यसपछि स्नातक, स्नातकोत्तरमा क्रमशः विद्यार्थी संख्या पातलिँदै जान्छ ।

त्यतिका विद्यार्थी भर्ना भएका थिए कहाँ गायब भए ? यो संवेदनशील प्रश्न हो । यो पिरामिडले स्पष्ट देखाउँछ, हाम्रा बालबच्चा पढाइबाट निरन्तर भागिरहेका छन् । आखिर बालबच्चामा पढाइ भन्नासाथ यति धेरै वितृष्णा पैदा भयो त ? किनभने हामीले पढाउने तरिका मिलेन । हामीले पढाइलाई केवल घोक्नु भन्ने मनोविज्ञान निर्माण गरिदियौं । कुनै कुरा घोक्नु कुनै यातना भन्दा कम हुँदैन ।

उत्तर घोक्ने होइन, प्रश्न गर्ने शिक्षा

बालबालिकाले त घोक्ने होइन, स्वच्छन्द सिक्ने हो । यसरी सिक्नका लागि उनीहरुसँग डर होइन, प्रश्न हुनुपर्छ । उत्सुकता हुनुपर्छ । अनि बालबच्चामा उत्सुकता जगाउने काम हाम्रो हो । हामी शिक्षक, अभिभावकले बालबच्चामा उत्सुकता जगाउने हो ।

जब उनीहरु उत्सुक हुन्छन्, तब उनीहरुसँग प्रश्न हुन्छ । जब प्रश्न हुन्छ, तब उनीहरुसँग जान्ने तत्परता हुन्छ । यस किसिमको तत्परताले नै सिक्ने, जान्ने कुरामा आकर्षण बढाउँछ । हामीले गर्नुपर्ने यत्ति मात्र हो ।

तर हामीले बालबालिकालाई कक्षाकोठामा प्रवेश गरिरहँदा प्रश्न होइन, उत्तर घोकाउन लगाउँछौं । उनीहरु विद्यालयमा आउँदा त्यही तयारी उत्तर र डर बोकेर आउँछन् । जब उनीहरु यस्तो मनोदशा बोकेर विद्यालय आउँछन्, तब नयाँ कुरा के सिक्न सक्छन् ? नयाँ कुरा जान्ने, सिक्ने होइन बरु पढ्न नै दिक्क लाग्ने हुन्छ । उनीहरुका लागि किताब, कक्षाकोठा, शिक्षक सबै हाउगुजी हुन थाल्छ ।

### होमवर्क र परीक्षाको आतंक

बालबालिकामा पढाइप्रति विकर्षण बढ्नुमा अर्को कारण हो, होमवर्क र परीक्षा पनि । विद्यार्थीले पढेका, जानेका, सिकेका कुरालाई आत्मपरीक्षण गर्नु राम्रो हो । तर यसको एउटै उपाय होमवर्क मात्र होइन ।

होमवर्क त अहिलेका विद्यालयहरुको कर्मकाण्ड नै भएको छ । टन्न होमवर्क दिएपछि विद्यार्थीहरु पढेको पढेकै गर्छन् भन्ने कंक्रिट मानसिकता व्याप्त छ । होमवर्क के हो, त्यसको जरुरत कति छ, किन छ, कसलाई छ ? भनेर हामीले कहिल्यै विमर्श गरेका छैनौं । अन्धाधुन्ध होमवर्क दिने परिपाटीलाई निरन्तरता दिएका छौं ।

होमवर्क दिने कर्मकाण्ड जस्तै भएको छ परीक्षा प्रणाली पनि । विद्यार्थीलाई सिकाएको, बुझाएको कुरा कति जाने, कति जानेनन् भनेर जाँच्नुपर्छ । तर यसरी जाँच्ने विधि वैज्ञानिक हुनुपर्छ । विद्यार्थीले के कस्तो प्रगति गरिरहेको छ भने जुन ढर्रामा हामी परीक्षा लिने गर्छौं, त्यसले समग्रमा उनीहरुको क्षमता तौलिन सकिंदैन । किनभने विद्यार्थीको क्षमता उनीहरुको लेखाइबाट मात्र जाँच्ने होइन । घोकेको कुरा लेख्दैमा कोही अब्बल वा कोही कमजोर पनि हुँदैनन् । खासमा त उनीहरुको सिकाइको स्तर कस्तो छ ? कसरी बुझिर हेका छन्, बुझेको कुरालाई कसरी व्यावहारिक जीवनमा उपयोग गरिरहेका छन् भनेर चौतर्फी मूल्यांकन गरिनुपर्छ ।

तर बच्चाको सर्वाङ्गीण विकासलाई ध्यान नदिई केवल उनीहरुले कुन कुन पाठ घोकेका छन् भनेर मात्र परीक्षा लिइर हँदा त्यसले बच्चामा पढाइप्रति नै विकर्षण बढायो । परीक्षा र होमवर्कको कारण उनीहरु तर्सिने, आत्तिने भए । डिप्रेसन, एन्जाइटी समस्या ल्याइदियो ।

परीक्षामा पास हुनैपर्ने दबाबले, होमवर्क गर्नैपर्ने बाध्यताले बच्चालाई भोलिपल्ट विद्यालय जाउँ जाउँ हुँदैन । विद्यालय, कक्षाकोठा, शिक्षक, पुस्तक सम्झनासाथ उनीहरुलाई डर लाग्न थाल्छ । फिनल्याण्डको शिक्षा प्रणाली विश्वमै अनुकरणीय छ । त्यहाँ न होमवर्कको हाउगुजी छ, न परीक्षाको परिबन्ध नै ।

### शिक्षाको सार, विवेक र दक्षता

पढ्नु भनेको के हो ? किन विद्यालय जाने ? किन पाठ्यपुस्तक पढ्ने ? किन परीक्षा दिने ? हामी धेरैसँग एउटै भ्रम छ, पास हुन । पास किन हुने ? जागिर खान ।

पढाइको सार होइन जागिर । पढ्नु भनेको आफूसँग भएको जन्मजात गुण र प्रतिभालाई मलजल गर्नु हो । जीवन र जगतलाई बुझ्नु हो । आफूमा सद्गुण विकास गर्नु हो । विवेक, ज्ञान, शिल्प र सीपले आफूलाई पूर्ण बनाउनु हो ।

पढेर पाइलट, डाक्टर बन्नुपर्छ भन्ने छैन । बरु, विवेकशील बन्न जरुरी छ । सामाजिक र मानवीय गुणले युक्त हुन जरुरी छ । जब हामीमा यी गुणहरु हुन्छन्, तब जीवनलाई सुन्दर र अर्थपूर्ण बनाउन सक्षम हुन्छौं ।

### पढाइ मात्र होइन, विश्राम पनि

हामीकहाँ शनिबार बिदा दिइन्छ । कतिले त शनिबार पनि अतिरिक्त कक्षा सञ्चालन गर्छन् । अनि बालबच्चाहरु पढाइ, पढाइ, पढाइ भन्दा बाहिर उम्किन पाउँदैनन् ।

तर एकोहोरो पढाइ रहँदा बालबच्चा जान्ने, बुझ्ने, ज्ञानी हुन्छ भन्ने होइन । वास्तवमा विद्यालय र पढाइ मान्छेको सबैथोक होइन । त्यो त एउटा पाटो मात्र हो । त्यसबाहेक उनीहरुसँग परिवार हुन्छ, पारिवारिक मूल्य र संस्कार हुन्छ, समाज हुन्छ, साथीभाइ एवं आफन्त हुन्छ ।

हरबखत कक्षाकोठामा मात्र थुनिंदा उनीहरुले यी सबै कुरा गुमाउन पुग्छन् । आफन्त, नातागोता नै नचिन्ने हुन्छन् । सामाजिक जीवन ध्वस्त हुन्छ । पारिवारिक संस्कारबाट विमुख हुन्छन् ।

त्यसैले पढाइलाई एक ठाउँमा राखेर उनीहरुले आफ्नो लागि पनि समय दिनुपर्छ । उनीहरुलाई घरमा घुलमिल गर्ने, आमाबुवासँग बातचित गर्ने, साथीभाइसँग खेल्ने, सामाजिक भोजभतेरमा सामेल हुने, मनोरञ्जन गर्ने समय एकदमै जरुरी हुन्छ । किनभने जीवनको ठूलो पाठ भनेकै परिवार र समाज हुन् । त्यसलाई अलग गरेर कुनै पनि बच्चाको सर्वाङ्गीण विकास हुँदैन ।

बच्चाका लागि आफ्नै व्यक्तिगत समय पनि जरुरी हुन्छ । उनीहरु त्यो समयमा मनोरञ्जन गर्न, चित्र कोर्न, नाच्न, खाना बनाउन जे पनि गर्न सक्छन् । आफ्नो रहर र रुचिलाई हुर्काउनका लागि उनीहरुले समय पाउनुपर्छ ।

हामीले हप्तामा दुई दिन बिदा पनि यही कारण दिएका छौं कि उनीहरुको पारिवारिक र सामाजिक जीवन नछुटोस् । बच्चालाई पढ, पढ मात्र भन्ने होइन । उनीहरुलाई साथीहरुसँग गफ गर्न, खेल्न पनि छुट दिनुपर्छ । एक्लै चित्र बनाएर बस्न, नाच्न पनि दिनुपर्छ । यसले गर्दा सही रुपमा उनीहरुको भावनात्मक, बौद्धिक विकास हुन पाउँछ ।

### जरुरी छ अभिभावक शिक्षा

कति अभिभावक भनिरहेका हुन्छन्, 'बच्चालाई धेरै पढाउँदा जान्ने हुन्छन् । जसरी हुन्छ धेरै पढाउनु, धेरै होमवर्क दिनु । घरमा पढ्दैन, कुटेर पढाउनु ।'

अब शिक्षा प्रणाली, सिकाइ विधिमा मात्र सुधारको जरुरी छैन, अभिभावकमा पनि छ । विद्यालय जानासाथ बच्चा ज्ञानी हुन्छन् । जति धेरै पढाइयो उत्ति नै जान्ने बुझ्ने हुन्छन् । उनीहरुलाई जसरी पनि पास गराउनुपर्छ भन्ने मानसिकता त्याग्न जरुरी छ ।


अहिलेका बच्चाहरु स्मार्ट छन् । उनीहरुसँग कुनै पनि जानकारी लिने अनेक माध्यम र तरिका छन् । हामीभन्दा धेरै कुरा उनीहरुलाई थाहा भइरहेको हुन्छ । यस्तो स्थितिमा हामीले गर्नुपर्ने भनेको सही मार्गदर्शन हो । सत्य, सही बाटोमा कसरी डोहोऱ्याउने भन्ने कुरा अहिलेको आवश्यकता हो ।

फलानोको छोराले जस्तो पढ्नुपर्छ, फलानोले जस्तो पास गर्नुपर्छ भन्ने धारणा त्यागेर अभिभावकले बच्चाको गुण, क्षमता पहिचान गर्नुपर्छ । उनीहरु के चाहन्छन् ? उनीहरुको रुचि र खुबी के छ ? त्यही अनुसार अभिभावकले उपयुक्त वातावरण दिनुपर्छ ।

अक्सर अभिभावक आफ्नो रुचि बच्चामा लाद्ने गर्छन् । आफ्नो अपेक्षा बच्चाबाट पूरा गराउन चाहन्छन् । यसले बच्चालाई भरिया बनाउँछ, पथप्रदर्शक होइन ।

(भट्टराई शिक्षाविद् हुन् । स्रोतः अनलाईखबर)

# महिलाले पूर्ण सुरक्षित महसुस कहिले गर्ने ?



कल्पना सानु भट्टराई

स्कुले जीवनमा महिला हिंसा के हो र यसलाई शब्द कसरी बुझ्ने भन्ने लाग्थ्यो । शिक्षक-शिक्षिकासँग सोध्दा एक वाक्यमा भन्नुहुन्थ्यो, 'कुनै पनि महिलालाई कुटपिट गऱ्यो, दुःख दियो अथवा अमानवीय व्यवहार गऱ्यो भने त्यसलाई महिला हिंसा भनिन्छ ।'

खोइ सम्झनँ सकिनँ, तर उहाँहरूले भन्नुभएको तात्पर्य अहिले बुझ्दै छु । हो, त्यो बेला पनि सोच्ने गर्थें, ओहो मलाई पनि हिंसा गर्ने हो कि कसैले । अनि फेरि नियम-कानुनको सम्झना आउँथ्यो, अनि मन फुरुङ्ग हुन्थ्यो । टेलिभिजनमा सिनेमा हेर्दा अदालतमा भएका मुद्दा, फैसला जितेको अनि न्याय पाएको सम्झन्थेँ ।

जतिजति म बुझ्ने भएँ, त्यति नै हिंसात्मक समाचार (विशेषतः महिला हिंसाका) सुन्नमा आए, तर न पीडितले न्याय पाए, न त अपराधीले सजाय । म यस्तै समाजकी एउटा छोरी, जो जहाँ-कहीँ जाँदा हिंसा हुने भय लिनुपर्ने अनि त्यो अप्ठेरो संघार पार गर्नुपर्ने !

प्रसंग जोड्न चाहेँ निर्मला हत्याकाण्डको । यो घटनालगत्तै न्यायका लागि आवाज जति चर्को रूपमा उठेको थियो, क्रमशः मत्थर हुँदै गयो । म यही समाजकी छोरी, जहाँ न्यायका लागि भिख माग्नुपर्छ, कानुनका पानाबाट न्याय बाहिर निस्कन सक्दैन । निर्मला हत्याकाण्ड अघि र पछि पनि थुप्रै महिला हिंसामा परेका छन् । राज्यले महिला हिंसा हुन नदिन ठोस कदम चालेको देखिँदैन ।

दिन प्रतिदिन बढ्दो महिलाहिंसालाई लिएर मन खिन्न हुन्छ । तराईमा दाइजोका निहुँमा महिलालाई जिउँदै जलाइन्छ । यस्ता घटना हुनुका पछाडिको कारण पहिल्याएर राज्य अगाडि बढेको देखिँदैन ।

हरेक दिन हरेक क्षण महिलाले यो समाजमा असुरक्षित महसुस गर्नुपर्छ । महिला सुरक्षित कहाँ छन्- घर, विद्यालय, कार्यालय तथा सार्वजनिक स्थलमा ? कतै महिलामाथि कुनै हिंसा भयो भने त्यसको अपराधीले सजाय नपाउँदै अरु सयौं महिला हिंसामा परेका हुन्छन् । ठूला घटनापछि चेतनशील महिला काठमाडौंको माइतीघर मन्डलामा न्यायका लागि आवाज उठाउन पुग्छन् । सधैं न्यायका लागि आवाज उठाउनुपर्ने ? कति महिला माइतीघर मन्डलामा आन्दोलन गरेर र धर्ना बसेर थाकेका छन्, अझै न्याय मिलेको छैन ।

जुनसुकै समाज, वर्ग, क्षेत्र र समुदायमा विभिन्न रूपमा महिलाहिंसाका घटना भइरहेका छन् । कार्यस्थल, शैक्षिक संस्थान, सार्वजनिक ठाउँ तथा घर-समाज जहाँसुकै महिला पूर्ण रूपमा सुरक्षित छैनन् । महिला तथा बालबालिकामाथि हुने हिंसाजन्य घटना न्यूनीकरणका लागि राज्यका सम्पूर्ण संयन्त्रले प्राथमिकताका साथ काम गर्नुपर्ने हुन्छ, तर त्यसरी काम भएको देखिँदैन ।

### सार्वजनिक यातायात र सडक

सार्वजनिक यातायातमा महिला सुरक्षित छन् त ? त्यहाँ अझ आरक्ष सिट समेत तोकिएको छ । कतिपय सार्वजनिक सडकमा सिसी क्यामरा समेत जडान छन्, त्यसले काम गर्छ वा गर्दैन त्यो अर्को पाटो हो ।

सडकमा समेत विभिन्न रूपका महिलाहिंसा भइरहेका छन् । ठाउँ ठाउँमा राखिएको छ, 'कहीँकतै महिला हिंसा भएको पाउनुभए हामीलाई खबर गर्नुस् ।' थाहा छैन, यो समाजमा महिला हिंसाका घटना देखेपछि कतिले प्रहरी वा आधिकारिक निकायलाई खबर गर्लान् !

पुरुषलाई मात्र दोषी देखाउने मेरो उद्देश्य होइन, सबै पुरुष खराब अनि सबै महिला असल पनि हुँदैनन् । आफूमाथि हिंसा हुन लागेपछि कतिपय अवस्थामा महिला स्वयंले विरोध र प्रतिकार गर्न सक्नुपर्छ । सार्वजनिक यातायातमा

...बाँकी पृष्ठ ३ मा

# अनेमसंघद्वारा अग्रज महिलालाई सम्मान




समाज संवाददाता

हेटौंडाः अखिल नेपाल महिला संघ (अनेमसंघ) जिल्ला कमिटी मकवानपुरको ९ औं पूर्ण बैंकक सम्पन्न भएको छ । मंगलबार राष्ट्रिय महिला अधिकार दिवसको अवसरमा अनेमसंघ जिल्ला कमिटी मकवानपुरको बैठक सम्पन्न भएको संघकी अध्यक्ष सुमित्रा काफ्लेले जानकारी दिनुभयो।

कार्यक्रममा भूमिगत कालमा पार्टीमा सेल्टरदाताको रुपमा र अनेमसंघको जिल्ला कमिटीमा रहेर पार्टी र संगठनको निर्देशनमा महत्वपूर्ण जिम्मेवारी निर्वाह गर्दै सामाजिक रुपान्तरणमा योगदान गर्नुहुने १५ जना अग्रज महिलालाई सम्मान गरिएको उहाँले जानकारी दिनुभयो ।

सामाजिक रुपान्तरणका लागि निस्वार्थ त्याग, निष्ठा, इमान्दारिता र समर्पण गर्नुहुने तारा लामा, टल्कीमाया घिसिङ, शारदा बिक, कुलकुमारी सापकोटा, धनमाया राई, योगमाया निरौला, चन्द्रकला ढुंगाना, पद्मा लामा, हीरामाया भोम्जन, भवानी राई, शुभद्रा अधिकारी, पार्वती घिसिङ, बालकुमारी कार्की, जमुना थिङ र सुकुमाया राईलाई सम्मानपत्रसहित सम्मान गरिएको उहाँले बताउनुभयो ।

कार्यक्रममा पालिका तहमा गरिने कार्ययोजना निर्माण गरी, कार्यान्वयन गर्ने दृढ संकल्पसहित बैठक समापन भएको उहाँले जानकारी दिनुभएको छ । अनेमसंघ केन्द्रीय संघकी अध्यक्षको अध्यक्षतामा सुमित्रा काफ्ले तथा मकवानपुर इन्चार्ज पद्मा पौडेलको प्रमुख आतिथ्यमा कार्यक्रम सम्पन्न भएको काफ्लेले जानकारी दिनुभयो ।

कार्यक्रममा पार्टी केन्द्रीय कमिटीका नेताहरु, प्रदेश कमिटी र जिल्ला कमिटीका पदाधिकारीहरु, संगठनको केन्द्रीय र प्रदेशका नेताहरुको उपस्थिति रहेको थियो ।

# एकैदिन १५८ पिन्ट रगत संकलन



रक्तदान गर्दै रक्तदाता ।

समाज संवाददाता

हेटौंडाः हेटौंडा-९ मा बुधबार एकसाथ १ सय ५८ पिन्ट रगत संकलन भएको छ । विश्व सुसमाचार समाज परमेश्वरको मण्डलीको आयोजनामा बागमती प्रदेश सरकारको सामाजिक विकास मन्त्री कुमारी मुक्तान, जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलान, वडा अध्यक्ष सुकराम केसी, नेपाल रेडक्रस सोसाइटी मकवानपुरका सभापति लालबहादुर थापाको उपस्थितिमा रक्तदान कार्यक्रम भएको हो ।

गत आर्थिक वर्ष र चालु आर्थिक वर्षमा एक साथ यतिधेरै रगत संकलन भएको थिएन । छिमेकी चितवन जिल्लामा रगतको अभाव भएको खबर प्राप्त भएपछि रक्तसञ्चार केन्द्र हेटौंडाले ठूलो परिमाणमा रगत संकलन गरेको रक्तसञ्चार केन्द्रका प्रमुख टंकप्रसाद दाहालले जानकारी दिनुभएको छ । संकलित रगत मध्ये एक सय पिन्ट रगत चितवन पठाइने दाहालले बताउनुभयो ।

गत आर्थिक वर्षमा ३० हजार ३२ पिन्ट रगत संकलन गरेको रक्तसञ्चार केन्द्रले चालु आर्थिक वर्षमा ३ हजार पिन्ट भन्दा बढी रगत संकलन गरिसकेको छ । चालु आर्थिक वर्षमा गत आर्थिक वर्षको तुलना बढी रगत संकलन गरिने दाहालले दावी गर्नुभएको छ । यसअघि आइतबार, सोमबार र मंगलबार पनि लगातार तीन दिन रक्तदान कार्यक्रम भएका थिए ।

## महिलाले पूर्ण...

दुई-चार सिट छुट्ट्याएर मात्रै हुँदैन, सडक, सार्वजनिक स्थल र सार्वजनिक सवारी साधनभित्र सबैतिर सुरक्षाको प्रत्याभूति गरिनुपर्छ । कतै घटना भइहाले पीडकलाई कडा कारबाही हुनुपर्छ ।

आज पाँचौं राष्ट्रिय महिला अधिकार दिवस, 'महिला हक अधिकारः सबैको साझा सरोकार' नाराका साथ दिवस मनाइँदै छ । २०६३ जेठ १६ गते तत्कालीन पुनः स्थापित प्रतिनिधिसभाले नेपाली महिलाका अधिकारसम्बन्धी महत्त्वपूर्ण चारवटा 'विशेष प्रस्ताव' पारित गरेको दिनलाई स्मरण गरी हरेक वर्ष जेठ १६ गते राष्ट्रिय महिला अधिकार दिवस मनाउँदै आइएको छ । महिला अधिकार दिवस मनाइरहँदा हामीसँग थुप्रै प्रश्न अनुत्तरित छन्- के महिलाले पाउनुपर्ने हक-अधिकारको सुनिश्चित भएको छ ? महिलाले आफ्ना लागि आवाज उठाउने वातावरण बन्न सकेको छ ?

अहिले महिलालाई ३३ प्रतिशत आरक्षणको व्यवस्था गरिएको छ । यो आफैँमा अन्यायपूर्ण छ- समान न्यायका लागि महिला र पुरुषको बराबर सहभागिता हुनुपर्छ, यसमा पनि विभिन्न पिछडिएको वर्ग, क्षेत्र र समुदायलाई न्याय गरिनुपर्छ ।

अर्कोतिर शिक्षा र तालिमहरुमा जोड दिएर महिला जनशक्ति तयार गर्नुपर्ने पनि छ । गणतन्त्रपछि सामाजिक न्यायका लागि विभिन्न नीतिगत तथा संस्थागत प्रयास भइरहेका छन्, तर तुलनात्मक रूपमा महिला सामाजिक, सांस्कृतिक, शैक्षिक, राजनीतिक एवं आर्थिक रुपमा पछाडि परेका छन् ।

*(स्रोतः रातोपाटी)*

# भोटेकोशी ड्याममा शव फेला

समाज संवाददाता

हेटौंडाः सिन्धुपाल्चोक जिल्लाको भोटेकोशी गाउँपालिका-२, दशकिलोमा एकजनाको शव फेला परेको छ । मंगलबार भोटेकोशी ड्याम साईडमा नदिले बगाई ल्याएको अवस्थामा परिचय नखुलेको महिला पुरुष छुट्याउन नसकिने अन्दाजी ५० वर्षीय मानिसको शव फेला परेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

# ट्याक्टरको इन्जिनले च्यापिँदा विकको मृत्यु

समाज संवाददाता

हेटौंडाः सिन्धुली जिल्लाको कमलामाई नगरपालिका-२, बोहोरेमा ट्याक्टरको इन्जिनले च्यापिँदा एकजनाको मृत्यु भएको छ । मृत्यु हुनेमा १५ वर्षीय लक्षमण बिक रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

मंगलबार भित्री सडक-खण्डमा बोहोरेबाट गढितर्फ जाँदै गरेको ज १ त ९९४१ नम्बरको ट्याक्टरको टेलर र इन्जिनको बीचको भाग भाँचिन जाँदा इन्जिनले च्यापी ट्याक्टरमा सवार सह-चालक बिकको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ ।

## प्रदेश सरकारको...

आयो भन्ने प्रष्ट नभएको बताउनुभयो ।

पर्यटकीय क्षेत्रको विकासका लागि पर्यटन वर्ष मनाएरमात्र नहुने उहाँको भनाई छ । प्रदेश सरकारले खानेपानी योजनालाई पहिलो प्राथमिकतामा राख्नुपर्ने उहाँले बताउनुभयो । प्रदेशको बजेट पहुँचवालालाई मात्र दिने र लाने काम भयो भने मान्य नहुने बताउनुहुँदै उहाँले यसो भएमा त्यसविरुद्धमा उत्रने चेतावनीसमेत दिनुभयो । उहाँले प्राथमिकताको आधारमा बजेट विनियोजन हुनुपर्ने बताउनुभयो ।

सांसद शैलेन्द्रमान बज्राचार्यले अहिको नीति तथा कार्यक्रम जनताले थाहा पाउन जरुरी रहेको बताउनुभयो । योजना पारदर्शी र जनतामा उत्साह छाउने हुनुपर्ने उहाँले बताउनुभयो । उहाँले स्थानीय रक्सीलाई ब्राण्डिङ गर्नुपर्ने पनि बताउनुभयो । प्रदेश सरकारले अहिलेसम्म कति र कुन काम गऱ्यो भनी थाहा पाउन नसकिररहेको उहाँको भनाई छ । प्रदेश सरकारबाट जनताले देखिने गरी कुनै काम नै नभएको हो कि, थाहा नपाएको भनी उहाँले प्रश्नसमेत गर्नुभयो । उहाँले इमानदार भएर काम नगरे प्रदेश टिक्न नसक्ने पनि बताउनुभयो । अहिलेको नीति तथा कार्यक्रम नै सबै सम्पन्न नभएकाले आगामी वर्षको नीति तथा कार्यक्रमलाई पूर्णरुपमा कार्यान्वयन गर्नुपर्ने बताउनुभयो ।

यस्तै, सांसद भरतबहादुर केसीले अहिले नीति तथा कार्यक्रममा समेटेको कुराहरु कागजमा मात्र सिमित हुने हो कि भन्ने लागेको बताउनुभयो । आर्थिक मन्दीका कारण डुबेका उद्यमीहरुलाई राहत दिलाउन र कृषकहरुलाई राहत दिन यो नीतिमा कुनै कुरा नसमेटिएको उहाँको भनाई छ । बजेट निर्माण गर्दा मापदण्डमा आधारित योजना छनौट गर्नुपर्ने उहाँले बताउनुभयो । विकसित जिल्ला र अविकसित जिल्लाहरुलाई समान अवसरका आधारमा बजेटको प्रक्षेपण गर्नुपर्ने आवश्यकता रहेको उहाँले बताउनुभयो । प्रदेश सरकारको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रमहरुबारे बाँकी छलफल बिहीबार बिहान १० बजेर ३० मिनेटमा बस्ने बैठकमा हुने जनाइएको छ ।

# ढकाल आफ्नै घरमा मृत फेला

समाज संवाददाता

हेटौंडाः सिन्धुली जिल्लाको कमलामाई नगरपालिका-४, ढकाल गाँउमा एकजना पुरुष मृत फेला परेका छन् । मृत फेला पर्नेमा ५६ वर्षीय समीर ढकाल रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

ढकाल मंगलबार आफ्नै घरको कोठामा सुतेकोमा अबेलासम्म नउठेकोले ढोका खोली हेर्दा खाटमा मृत अवस्थामा फेला परेको परेका थिए । शव पोष्टमार्टमका लागि जिल्ला अस्पताल लगिएको प्रहरीले जनाएको छ ।

# सडकमा लडेर दहालको मृत्यु

समाज संवाददाता

हेटौंडाः दोलखा जिल्लाको बैतेश्वर गाउँपालिका-४ मा सडकमा लडेर एकजनाको मृत्यु भएको छ । मृत्यु हुने ५८ वर्षीय केदार दाहाल रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ । दहाल मंगलबार बिहान ११ बजेर ३० मिनेटको समयमा पोखरेस्थित सडकमा लडी घाइते भएका थिए । घाइते दहाललाई उपचारका लागि बैतेश्वर अस्पताल मैनापोखरी लगिएकोमा उपचारको क्रममा मृत्यु भएको खबर प्रहरीले जानकारी दिएको छ ।

# सिन्धुलीमा सर्पले टोकेर दाजुभाइको मृत्यु,

समाज संवाददाता

हेटौंडाः सिन्धुली जिल्लाको दुधौली नगरपालिका-१, कुर्थौलीमा सर्पले टोकेर दुई जना दाजुभाइको मृत्यु भएको छ । मृत्यु हुनेमा सोही स्थानका १३ वर्षीय ग्रिस पहाडी र उनका भाइ ३ वर्षीय ग्रिस्म पहाडी रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

सोमबार राती सुतिरहेका बेला ओछ्यानमै सर्पले टोकेर छटपटाई रहेको अवस्थामा ग्रिस र गिस्म फेला परेका थिए । उनीहरुलाई उपचारका लागि जानकी हेल्थ केयर अस्पताल जनकपुर लगिएको थियो । उपचारको क्रममा मंगलबार बिहान ८ बजे डाक्टरले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ ।

# दूध संकलन केन्द्रको उद्घाटन

समाज संवाददाता

हेटौंडाः मकवानपुरको भीमफेदी गाउँपालिका-४, चिउरी बगैंचामा दूध संकलन तथा वितरण केन्द्रको उद्घाटन भएको छ । बुधबार स्थानीय केशव घिमिरेले आफ्नै लगानीमा वितरण केन्द्रको सुरुवात गर्नुभएको वडा अध्यक्ष सागर पाण्डेले जानकारी दिनुभयो ।

दैनिक एक सय लिटर दुध संकलन गर्ने र बजारीकरण गर्ने उद्देश्य वितरण केन्द्रको स्थापना गरेको उहाँले जानकारी दिनुभयो । केन्द्रको उद्घाटन भीमफेदी गाउँपालिका-४ का वडा अध्यक्ष पाण्डेले गर्नुभएको थियो । दूध संकलन तथा वितरण केन्द्रको स्थापनामा पालिका र वडाको कुनै पनि सहयोग नभएको पनि अध्यक्ष पाण्डेले जानकारी दिनुभयो ।

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला
QRL (Qualified Reference Lab)
हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।

सम्पर्क
०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौंडा-१, ब्लडबैंकअगाडि

# त्रिवेणी आविको ३४औं वार्षिकोत्सव एवम् अभिभावक भेला सम्पन्न



समाज संवाददाता

हेटौंडाः हेटौंडा-९ स्थित त्रिवेणी आधारभूत विद्यालयको ३४ औं वार्षिकोत्सव एवम् अभिभावक भेला सोमबार सम्पन्न भएको छ । हेटौंडा-९ का वडाध्यक्ष सुकराम केसीको प्रमुख आतिथ्यता तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष धर्मराज धिमालको सभाध्यक्षमा भेला भएको हो । केसीले विद्यालयलाई सहयोग गर्दै आइरहेको र त्यसलाई निरन्तरता दिइने प्रतिवद्धता जनाउनुभयो ।

भेलामा विद्यालय व्यवस्थापन समितिका पूर्वअध्यक्ष, पूर्व प्रधानाध्यापक र विद्यालयलाई विभिन्न क्षेत्रबाट योगदान गर्ने व्यक्तिलाई सम्मान गरेको छ । पूर्वअध्यक्षहरु ईश्वरी न्यौपाने, स्वर्गीय पदमबहादुर थापा, अमृता दुलाल, ध्रुव लामिछाने, शिवराज आचार्य, निवर्तमान अध्यक्ष ताराप्रसाद लामिछानेलाई सम्मान गरिएको छ । यस्तै पूर्वप्रधानाध्यापकहरु लोकमणि कोइराला, अन्नपूर्ण डंगोल, प्रदीप झा, रुद्र घिमिरेलाई सम्मान गरिएको छ ।

विगत ४ वर्षदेखि २ जना विद्यार्थीको अभिभावकत्व प्रदान गर्दै आइरहनुभएका र विद्यालयमा अध्ययनरत् विद्यार्थीलाई स्टेशनरी सामग्री उपलब्ध गराउँदै आउनुभएका समाजसेवी विकेशलाल श्रेष्ठलाई पनि सम्मान गरिएको छ । यसैगरी सोही दिन टिभी सहयोग गर्नुभएका अशोक सिंहलाई पनि सम्मान गरिएको छ । ४ वर्षदेखि कोचिङ तथा अतिरिक्त कक्षाबाट उठेका रकम विद्यालयलाई सहयोग गर्दै आइरहनुभएका चन्द्रमाया उप्रेतीलाई सम्मान गरिएको छ ।

कक्षामा उत्कृष्ट हुने विद्यार्थी, अनुशासन, जेहेन्दार, नियमित विद्यालय आउने विद्यार्थीलाई पुरस्कृत गरिएको छ । यस शैक्षिक सत्रमा नयाँ भर्ना हुन आएका ४२ जना विद्यार्थीलाई पोशाक वितरण गरिएको विद्यालयका प्रअ सुशीला पौडेलले जानकारी दिनुभयो । करिव २ सय जना विद्यार्थी अध्ययनरत् छन् ।

# चितवनमा एकैदिन चार जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः चितवनमा एकैदिन चार जनाको मृत्यु भएको छ । मंगलबार दुई जनाको सवारी दुर्घटनामा मृत्यु भएको छ भने दुई जना मृत फेला परेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकरी दिएको छ ।

चितवन जिल्लाका ईच्छाकामना गाउँपालिका-४, चुमखोलामा सवारी दुर्घटना हुँदा एक जनाको शव फेला परेको छ । एक जना बेपत्ता रहेको प्रहरीले जनाएको छ । मंगलबार मुग्लिनबाट काठमाडौं जाँदै गरेको ग १० प ८१११ नम्बरको मोटरसाइकल मनकामना दर्शन गरी घर फर्कने क्रममा अनियन्त्रित भई त्रिशुली नदीमा खसेको थियो ।

दुर्घटनामा मोटरसाइकलको पछाडि सवार भएका धादिङ सिद्धलेक गाउँपालिका-२ बस्ने ४१ वर्षीया शान्ति न्यौपानेको मृत्यु भएको प्रहरीले जनाएको छ । मोटरसाइकल चालक सोही स्थान बस्ने ४७ वर्षको मेघबहादुर न्यौपाने बेपत्ता रहेका छन् । बेपत्ता न्यौपानेको खोजतलास कार्य भइरहेको प्रहरीले जनाएको छ ।

चितवनको राप्ती नगरपालिका-४, मार्तल पुल नजिकै सवारी दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । मंगलबार पूर्वबाट पश्चिमतर्फ आउँदै गरेको बा.प्र. ०३-००१ ख १८६३ नम्बरको ट्रकले साइकलयात्री ६५ वर्षीय हरि पाण्डेलाई ठक्कर दिँदा पाण्डेको मृत्यु भएको प्रहरीले जनाएको छ ।

ट्रकले ठक्कर दिँदा पाण्डे गम्भीर घाइते भएका थिए । घाइते पाण्डेलाई उपचारका लागि पुरानो मेडिकल कलेज भरतपुर लगिएको उपचारको क्रममा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जनाएको छ ।

चितवन जिल्लाको रत्ननगर नगर पालिका-४, भोकाहामा एकजना पुरुष मृत फेला परेका छन् । मृत फेला पर्नेमा सोही स्थान बस्ने ४५ वर्षीय राजु चौधरी रहेको प्रहरीले जानकारी दिएको छ । चौधरी मंगलबार आफ्नो घरबाट ५ सय मिटर पर कयर खोलामा मृत अवस्थामा फेला परेको प्रहरीले जनाएको छ ।

यस्तै, चितवन जिल्लाको भरतपुर महानगरपालिका-२९, सिमलतालमा एकजना पुरुष व्यक्ति मृत फेला परेका छन् । मंगलबार ४ बजेर ४५ मिनेटको समयमा त्रिशुली नदीको बीच भागमा सनाखत नभएको शव फेला परेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

स्वादिष्ट नेवारी खाजा
अब



होटल बासुकला (फास्टफुड) मा
स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायतका खाजा खान हार्दिक स्वागत गर्दछौं ।
होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।
०५७-५२६०१३

# कैलाशकी ६ चेलीलाई नगदसहित सम्मान


चेली सम्मानपछि सामूहिक तस्वीर खिचाउँदै ।

समाज संवाददाता

हेटौँडाः कैलाश गाउँपालिकाले ६ जना चेलीलाई सम्मान गरेको छ। पालिकाको वार्षिक नीति तथा कार्यक्रममा समावेश भएको चेली प्रोत्साहन कार्यक्रम अन्तर्गत बुधबार चेली सम्मान कार्यक्रममा २० हजार रुपैयाँ नगद र सम्मानपत्र प्रदान गरिएको हो। कैलाश ६ की संगीता ढुंगाना, प्रतिभा अर्याल र लक्ष्मी श्रेष्ठ, कैलाश-१० की सरुया प्रजा र उर्मिला थिङ तथा कैलाश-२ की लक्ष्मी मुक्तानलाई गाउँपालिकाका अध्यक्ष लोकबहादुर मुक्तान र उपाध्यक्ष बालकुमार मल्ल ठकुरीले सम्मान गर्नुभयो ।

गाउँपालिका अध्यक्ष मुक्तानले विवाह अघि कम्तिमा पनि १२ कक्षा पास गर्नुपर्छ र २० वर्ष पूरा हुनुपर्छ भन्ने सन्देश दिनका लागि प्रोत्साहन कार्यक्रम राखिएको बताउनुभयो। उहाँले देशभरका स्थानीय तहहरुमध्ये यो कार्यक्रम पृथक कार्यक्रम भएको बताउनुभयो। गाउँघरमा छोरीलाई बालविवाह गर्ने, पढाइबाट बञ्चित गर्ने चलन अझै रहेको बताउँदै उनले यस्ता कार्यक्रमले सकारात्मक सन्देश जाने विश्वास व्यक्त गर्नुभयो ।

पलिकाका उपाध्यक्ष ठकुरीले कार्यक्रमलाई बृहत रुपमा विस्तार गर्दै लैजाने बताउनुभयो । उहाँले २० वर्ष पूरा भएपछि मात्र विवाह गर्न चेतना फैलियोस र परिपक्व भएपछि मात्र विवाह गर्नुपर्छ भन्ने सन्देश दिन यो कार्यक्रम आयोजना गरिएको बताउनुभयो ।

सामाजिक विकास समिति संयोजक राजेन्द्र घिसिङले यो वर्ष ६ जनालाई सम्मान गरेजस्तै अर्को वर्ष अझ धेरै चेली सम्मान गर्ने वातावरणका लागि आ-आफ्नो क्षेत्रबाट सबैले काम गर्नुपर्ने बताउनुभयो। उहाँले पालिकाबाट बालविवाह मेटाउन सकियो भने सफलता प्राप्त हुने बताउनुभयो । सम्मानित भएकी सरुया प्रजाले सम्मानबाट आफुलाई धेरै उत्साह मिलेको बताउनुभयो । यस खालको कार्यक्रमले महिला दिदिबहिनीलाई प्रोत्साहन मिलेर उमेर पुगेपछि विवाह गर्नुपर्छ भन्ने सन्देश पुगेको उहाँको भनाइ छ । प्रमुख प्रशासकीय अधिकृत अशोक बिष्टले बालविवाह अन्त्यका लागि पालिकाले विभिन्न कार्यक्रम गरिरहेको जानकारी दिनुभयो ।

# कविता प्रतियोगितामा रिजन प्रथम

समाज संवाददाता

**हेटौंडाः विश्व वातावरण दिवस-२०८० को अवसरमा आयोजना गरिएको खुला कविता प्रतियोगितामा रिजन राना प्रथम भएका छन् । टोल विकास संस्था नगर समन्वय समिति हेटौंडा उपमहानगर पालिकाको आयोजना तथा सर्जक सञ्जाल मकवानपुरको संयोजनमा बुधबार प्रतियोगिता भएको हो ।**

**प्रतियोगितामा किशन पौडेल द्वितीय, बैकुण्ठ लामिछाने तृतीय भएका छन् । स्वस्तिका बानियाँ र ईश्वर थापा सान्त्वना हुन सफल भएका छन् ।**

**प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुनेलाई क्रमशः १५ हजार रुपैयाँ, १० हजार रुपैयाँ, ७ हजार ५ सय रुपैयाँ र ५ हजार रुपैयाँ पुरस्कारसहित प्रमाणपत्रले पुरस्कृत गरिएको छ । निमेष निखिल, श्यामकुमार बानियाँ र शान्ति प्रियवन्दनाले निर्णायकको भूमिका निर्वाह गर्नुभयो । हेटौंडा-४ का वडाध्यक्ष नवीन सिग्देलको प्रमुख आतिथ्य तथा समितिका अध्यक्ष ध्रुव अधिकारीको सभाध्यक्षमा प्रतियोगिता भएको हो ।**

**समृद्ध समाज राष्ट्रिय दैनिक**
www.samriddhasamaj.com.np

गाई काटेको आरोपमा बकैयाबाट ५ जना पक्राउ

# पक्राउप्रति नेपाल तामाङ घेदुङको आपत्ती

समाज संवाददाता

हेटौंडाः गाई काटेको आरोपमा मकवानपुर प्रहरीले बकैया गाउँपालिकाबाट पाँच जनालाई पक्राउ गरेको छ। शुक्रबार साँझ बकैया-५ स्थित तीनतलेबाट गाई काटेर भाग लगाइरहेको अवस्थामा पाँच जनालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता टेक बहादुर कार्कीले जानकारी दिनुभयो ।

पक्राउ पर्नेमा तीन जना महिला र दुई जना पुरुष रहेका छन्। सोही ठाउँका ३० वर्षीय जयराम स्याङ्तान, ४८ वर्षीय दिनेश थिङ, ५५ वर्षीया माइली थिङ, ६३ वर्षीया साइली माया गोले र ४८ वर्षीया सपना स्याङ्तान रहेका छन् । शुक्रबार साँझ गाई काटेको भनी विशेष सूचना प्राप्त हुनासाथ प्रहरी टोली खटिएर करिब ४० केजी गाईको मासुसहित उनीहरुलाई पक्राउ गरिएको प्रवक्ता कार्कीले बताउनुभयो । शुक्रबार नै उनीहरुविरुद्ध गाई काटेको अभियोगमा मुद्दा दर्ता भएको उहाँले बताउनुभयो। पक्राउ परेकामाथि म्याद थपेर थप अनुसन्धान भइरहेको उहाँले बताउनुभयो । बरामद गरिएको गाईको मासु परीक्षणका लागि पठाइएको उहाँले बताउनुभयो । अभियोग पुष्टि भएमा करिब ३ वर्षको जेल सजाय हुन सक्ने व्यवस्था रहेको उहाँले जानकारी दिनुभयो ।

यता तामाङ घेदुङले भने मरेको गाईलाई खाल्डो खनी व्यवस्थापन गरिरहेका स्थानीयलाई नियोजित रुपले प्रहरीले पक्राउ गरेको भन्दै ध्यानाकर्षण भएको जनाएको छ। बुधबार एक विज्ञप्ती जारी गर्दै नेपाल तामाङ घेदुङ बागमती प्रदेश समितिका अध्यक्ष लिलाकुमार घलानले ध्यानाकर्षण भएको जनाएको हो। आदीबासी जनजाति समुहलाई लक्षित गरी विभिन्न आरोप लगाउँदै फसाउने नियत निन्दनीय भएको विज्ञप्तीमा उल्लेख छ। पक्राउ परेका सबै जनालाई तत्काल बिना सर्त रिहा गर्न भनिएको छ भने अन्यथा संघ देशव्यापी रुपमा कडा आन्दोलनमा उत्रने चेतावनी दिएको छ ।

दुई वर्ष अगाडि पनि बकैया-११ बाट गाई काटेको आरोपमा मकवानपुर प्रहरीले १० जना पक्राउ गरेको थियो । पक्राउ परेकामध्ये ९ जनालाई जिल्ला अदालत मकवानपुरले जनही ४०-४० हजार रुपैयाँ धरौटीमा छोड्न आदेश दिएको थियो। पक्राउ परेका एक जना भने बालक भएका कारण छाडिएको थियो ।

# हेटौंडा मेयर कप
# १८ नम्बर वडा विजयी

समाज संवाददाता

हेटौंडाः तेश्रो संस्करणको हेटौंडा मेयर कप फुटबल प्रतियोगिताअन्तर्गत बुधबार भएको खेलमा १८ नम्बर वडा विजयी भएको छ। हेटौंडा-५ स्थित पिप्ले-क्याम्पा रंगशालामा भएको खेलमा १८ नम्बर वडाले ४ नम्बर वडालाई सडन डेथमा पराजित गरेको हो । निर्धारित समय गोलरहित बराबरीमा सकिएपछि खेल टाइब्रेकरमा धकेलिएको थियो ।

टाइब्रेकरमा पनि ३-३ गोलको बराबरी भएपछि खेलको निर्णय सडेन डेथमा पुगेको थियो। सडेन डेथको पहिलो प्रहारमै १८ नम्बरले जित निकालेको हो। १८ नम्बर वडाले अब आइतबार क्वाटर फाइनलमा १५ नम्बर वडासँग खेल्नेछ । १५ नम्बर वडाले यसअघि ३ नम्बर वडालाई हराउँदै क्वाटरफाइनल प्रवेश गरिसकेको छ ।

प्रतियोगिता अन्तर्गत बिहिबार पहिलो खेल हेटौँडा-९ र १६ बीच खेल हुनेछ भने दोस्रो खेल हेटौँडा-७ र ११ नम्बर वडा बीच खेल हुने आयोजकले जनाएको छ । हेटौँडा उपमहानगरपालिका नगर खेलकुद विकास समितिको आयोजनामा भएको प्रतियोगिताको फाइनल खेल जेठ २७ गते हुनेछ । प्रतियोगितामा हेटौँडा उपमहानगरका १९ वडाको सहभागिता रहेको छ। प्रतियोगिताको विजेताले नगद २ लाख, उपविजेता १ लाख ५० हजार, सेमीफाइनलमा पराजित हुने २ वटा टिमलाई ५०/५० हजार रुपैयाँ प्राप्त गर्नेछ । सर्वोत्कृष्ट खेलाडीलाई १५ र उत्कृष्ट खेलाडीहरुलाई ५/५ हजार रुपैयाँ नगदसहित शिल्ड एवम् मेडल पुरस्कार रहेको आयोजकले जनाएको छ ।

# बागमती प्रदेशस्तरीय तथ्यांक सार्वजनिक

समाज संवाददाता

हेटौंडाः राष्ट्रिय तथ्यांक कार्यालयले प्रदेशस्तरीय तथ्यांक सार्वजनिक गर्ने क्रममा बुधबार बिहान हेटौँडामा एक कार्यक्रमका बीच बागमती प्रदेशको प्रादेशिक नतीजा सार्वजनिक गरेको छ । बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेल, प्रमुख सचिव मुकुन्दहरि निरौलाको उपस्थितिमा प्रादेशिक नतीजा सार्वजनिक गरेको हो ।

कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै मुख्यमन्त्री जम्कट्टेलले प्रदेश सरकार तथ्यांकमा आधारित भएरै नीति तथा कार्यक्रम र बजेट तयार पारिरहेको दावी गर्नुभयो। जनगणनाको परिणामका आधार मा प्रदेशका कमजोर पालिकाको अवस्थाको विश्लेषण गरी ती क्षेत्रलाई प्राथमिकतामा राखेर योजना बनाउने काम भइरहेको पनि मुख्यमन्त्री जम्कट्टेलको भनाइ थियो ।

राष्ट्रिय तथ्यांक कार्यालयले बुधबार बागमतीसँगै सुदुरपश्चिम, कर्णाली र लुम्बिनी प्रदेशको प्रादेशिक तथ्यांक सार्वजनिक गरेको राष्ट्रिय तथ्यांक कार्यालयका निर्देशक ढुण्डीराज लामिछानेले जानकारी दिनुभयो । यसअघि कार्यालयले जेठ १० गते कोशी, मधेश र गण्डकी प्रदेशको प्रादेशिक नतीजा सार्वजनिक गरिसकेको छ ।

प्रादेशिकरुपमा तथ्यांकको विश्लेषण गर्दा फरक फरक नतीजा आएको र ती तथ्यांकले प्रदेश सरकारलाई आगामी योजना बनाउन सहयोग पुग्ने उद्देश्यले फरक फरक प्रतिवेदन तयार पारी सम्बन्धित प्रदेशमै सार्वजनिक गरिएको निर्देशक लामिछानेले स्पष्ट पार्नुभयो । गाउँबाट सहर र सहरबाट विदेशमा बसाईसराईको तीव्रता चुनौतिको विषय भएको निर्देशक लामिछानेको भनाइ छ । कार्यक्रममा राष्ट्रिय तथ्यांक कार्यालयका प्रमुख रामप्रसाद थपलियाले जनगणनाको नतीजा र तथ्यांकलाई विश्लेषण गरेर प्रदेश सरकारले काम गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

# शिक्षामा लगानी वृद्धि गर्न ज्ञापनपत्र

समाज संवाददाता

**हेटौंडाः शिक्षाका लागि राष्ट्रिय अभियान नेपालले समतामूलक समाज निर्माण गर्न शिक्षामा लगानी वृद्धि गर्नुपर्ने भन्दै प्रदेश सरकारलाई ज्ञापनपत्र बुझाएको छ । शिक्षामा लगानी वृद्धि गर्नुपर्ने कारणसहित बुधबार सामाजिक विकास मन्त्रालयका मन्त्री कुमारी मोक्तानलाई ज्ञापनपत्र बुझाइएको हो ।**

**सार्वजनिक शिक्षामा कुल गार्हस्थ उत्पादनको ४ देखि ६ प्रतिशत र कुल राष्ट्रिय बजेटको २० प्रतिशत लगानी गर्ने अन्तर्राष्ट्रिय मञ्चहरुमा प्रतिबद्धता जनाइएको छ। तर विगत केही वर्षदेखि नेपालको शिक्षा क्षेत्रको सार्वजनिक लगानी घट्दो क्रममा रहेको छ। यस आर्थिक वर्षमा कुल बजेटको करिब ११ प्रतिशत शिक्षामा लगानी रहेको छ । शिक्षाको मौलिक हक कार्यान्वयन गर्न र अन्तर्राष्ट्रिय प्रतिबद्धता पूरा गर्न विनियोजित बजेट अपुग रहेकाले शिक्षामा बजेट बढाउन आवश्यक रहेको ज्ञापनपत्रमा उल्लेख छ।**

**सार्वजनिक शिक्षामा राज्यको लगानी बढाउँदै लैजाने राज्यको नीति तथा निर्देशक सिद्वान्त भएको भन्दै संवैधानिक दायित्व पूरा गर्नका लागि अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन २०७५ जारी भइसकेकाले ऐन कार्यान्वयन गर्न ज्ञापनपत्रमा भनिएको छ । संवैधानिक व्यवस्था तथा ऐन कार्यान्वयनका लागि कुनैपनि शुल्क नलाग्ने व्यवस्थाका साथमा दिवा खाजा, छात्रवृत्ति, प्राथमिक उपचार र शैक्षिक सामग्रीको व्यवस्था गर्न हालको बजेट अपर्याप्त भएकाले बजेट वृद्धि गर्नुपर्ने ज्ञापनपत्रमा माग गरिएको छ।**

**शिक्षक दरबन्दी पुनर्वितरण कार्यदलले दिएको सुझावअनुसार ५५ हजार शिक्षक दरबन्दी आवश्यक रहेको ४ वर्षअघि औँल्याएको अवस्थामा त्यसका लागि बजेट बढाई शिक्षक परिपूर्ति गर्नुपर्ने माग छ। समतामूलक समाज निर्माण गर्न, भौतिक पूर्वाधार सुधार्न, प्राविधिक शिक्षामा जोड दिन र सार्वजनिक विद्यालयलाई थप प्रतिस्पर्धी बनाउन बजेट वृद्धिको माग गरिएको छ। अभियानका संयोजक प्रकाश खतिवडाको नेतृत्वमा सचिव रामचन्द्र आचार्य, सदस्य माया तामाङ, कुमारी वाईवा, बुद्धवीर लामा, मन लामा, कोशिश सुनिरा लामा र तारादेवी मोक्तानको उपस्थितिमा ज्ञापनपत्र बुझाइएको छ।**

**हेटौंडा रिफरेन्स ल्याबरोटरी**

ELISA, CLIA **तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।**



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्याबरोटरी,
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

विद्यालय जाने उमेरका बालबालिकालाई विद्यालय पठाऔं ।
बालबालिकाको शिक्षाको अधिकार सुनिश्चित गरौं ।
समृद्ध समाज राष्ट्रिय दैनिक

हाम्रो सुमो सेवा-२ को
काउन्टर सरेको जरुरी सूचना



हेटौँडा-काठमाडौं सुरक्षित, भरपर्दो र गुणस्तरीय सेवा दिँदै आएको यस हाम्रो सुमो सेवा-२ को काउन्टर हेटौँडा-४, अजरअमररोडबाट हेटौँडा-१०, मेनरोड कपुर कल्प्लेक्सअगाडि मिति २०८० साल जेठ १८ गते बिहिबारदेखि सरेको जानकारीका लागि सम्पूर्णमा अनुरोध गरिन्छ। नयाँ स्थानमा थप सुविधा र सहजताका साथ तपाइँको सेवामा हामी सदैव समर्पित रहने प्रतिवद्धता समेत व्यक्त गर्दछौं ।

**हाम्रो सुमो सेवा-२**
**हेटौंडा-१०, मेनरोड (कपुर कम्प्लेक्स अगाडि)**
**०५७-५२५९८८/५२३९८८**
**हटलाइनः ९८५५०-७२२८८**

**एक विद्यालय एक नर्स कार्यक्रम सम्बन्धी जानकारी**

विद्यालय तहमा नै विद्यार्थीहरुको समग्र स्वास्थ्य, सरसफाई, पोषण, मानसिक स्वास्थ्य, किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य प्रवर्धन गर्न तथा सरुवा र नसर्ने रोग रोकथामबारे जानकारी गराई स्वस्थ जीवनयापन अपनाउन उत्प्रेरित गर्न बागमती प्रदेश सरकारले नमूना स्वास्थ्य प्रवर्धन कार्यक्रमको रुपमा **एक विद्यालय एक नर्स कार्यक्रम** सञ्चालन गरेको छ ।

विद्यार्थीहरुको स्वास्थ्य तथा पोषण अवस्थामा सुधार ल्याउन यस कार्यक्रमको उद्देश्य यस प्रकार छन् ।

- विद्यालयमा प्रवर्धनात्मक, प्रतिकारात्मक र उपचारात्मक स्वास्थ्य सेवा प्रदान गर्ने,
- विद्यार्थीहरुलाई पोषिलो खाना तथा सरसफाईबारे जानकारी गराउने र प्रोत्साहित गर्ने,
- विद्यालयमा पत्रु खाना (Junk Food) निरुत्साहित गर्ने,
- यौन तथा प्रजनन्, मानसिक, मुख तथा दाँत र आँखाको स्वास्थ्य जस्ता विषयमा स्वास्थ्य परीक्षण गर्ने र परामर्श सेवा प्रदान गर्ने,
- विद्यालय नर्स तथा विद्यार्थी मार्फत परिवार एवं समुदायलाई स्वस्थ बनाउन सचेतना जगाउने,
- विद्यार्थी, शिक्षक, कर्मचारी, परिवार एवं समुदायलाई स्वस्थ जीवनशैली अपनाउन प्रोत्साहन गर्ने,
- सर्ने तथा नसर्ने रोगहरुको रोकथामका लागि विद्यार्थीहरुको सहभागितामा चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने,
- विद्यालय स्वास्थ्यका अन्य क्रियाकलापहरु कार्यान्वयन गर्ने ।

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
हेटौंडा, मकवानपुर, नेपाल